# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः १४ | मितिः २०८३।१।९

## भाग — २

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

# मेयर जेष्ठ नागरीक विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम तथा मेयर घरदैलो स्वास्थ्य कार्यक्रम कार्यविधि, २०८०

# कागेश्वरी मनोहरा नगरपालिकामा मेयर जेष्ठ नागरीक विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम तथा मेयर घरदैलो स्वास्थ्य कार्यक्रम कार्यविधि, २०८०

प्रस्तावनाः प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई संविधानले मौलिक हकको रूपमा प्रत्याभुत गरेको छ ।संवैधानिक मर्म र भावना अनुरूप जेष्ठ नागरिकहरुको स्वास्थ्य सम्बन्धी समस्याको पहिचान गरी त्यसको निराकरण गर्ने सोचका साथ सबै वडामा रहेका जेष्ठ नागरिकहरुलाई शिविर आयोजना मार्फत विशेषज्ञ डाक्टरद्धारा स्वास्थ्य परिक्षण गरी जेष्ठ नागरिकहरुका स्वास्थ्यसँग सम्बन्धित समस्या र तिनका जोखिमहरू समयमा नै पहिचान गरि उचित परामर्श, उपचार तथा प्रेषण मार्फत रोगको जोखिमलाई न्यूनिकरण गर्न मेयर जेष्ठ नागरीक विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम तथा मेयरसंग घरदैलो स्वास्थ्य कार्यक्रमको कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐनको दफा ११ उपदफा (२) झ (१) ले दिएको अधिकार प्रयोग गरि कागेश्वरी मनोहरा नगरपालिकाले मेयर जेष्ठ नागरीक विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम तथा मेयरसंग घरदैलो स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० बनाई लागु गरिएको छ ।

## परिच्छेद— १

## प्रारम्भिक

१. संक्षिप्त नाम, प्रारम्भ र विस्तार (१) यस कार्यविधिको नाम "मेयर जेष्ठ नागरीक विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम तथा मेयरसंग घरदैलो स्वास्थ्य कार्यक्रम कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि कागेश्वरी मनोहरा नगरपालिका भित्र रहेका सरकारी वा सामुदायीक स्वास्थ्य संस्थामा तथा नगरपालिका अन्तर्गतका निकायहरुमा लागु हुनेछ ।

२. परिभाषा विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यक्रम" भन्नाले मेयरसँग विशेषज्ञ स्वास्थ्य कार्यक्रम सम्झनु पर्दछ।

(ख) “चिकित्सक“ भन्नाले एम.वि.वि.एस. वा सो सरहको अध्ययन गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको चिकित्सक भनी सम्झनु पर्छ ।

(ग) “निर्देशक समिति“ भन्नाले दफा ६(१) वमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(घ) “नगरपालिका“ भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्छ ।

(ङ) “विशेषज्ञ चिकित्सक“ भन्नाले चिकित्सा सम्वन्धि विषयमा स्नातकोत्तर गरेको व्यक्ति सम्झनुपर्छ ।

(च) “स्वास्थ्य परिक्षण“ भन्नाले दफा ५ वमोजिमका स्वास्थ्य जाँच तथा प्रयोगशाला परीक्षण सम्बन्धी सेवाहरू सम्झनु पर्छ ।

(झ) “स्वास्थ्य संस्था“ भन्नाले सेवा प्रदायक संस्थालाई सम्झनु पर्छ ।

(ञ) “वडा“ भन्नाले कागेश्वरी मनोहरा नगरपालिका अन्तरगतका ९ वटै वडाहरू सम्झनु पर्छ।

परिच्छेद—२

उद्देश्य,

३. कार्यक्रमको उद्देश्य कार्यक्रमको उद्देश्य, निती र रणनिती देहाय बमोजिम हुनेछ ः— (क) कागेश्वरी मनोहरा नगर क्षेत्रका सवै वर्ग क्षेत्र र समुदायका जेष्ठ नागरिकहरुको आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामुलक पहुँच अभिवृद्धि गराउन स्वास्थ्य परीक्षण गर्ने र आवश्यक उपचारात्मक, निदानात्मक र प्रवर्द्धनात्मक सेवा सल्लाह, सुझाव उपलब्ध गराउने,

(ख) यस कार्यक्रमको माध्यमबाट नगरपालिका भित्र रहेका सम्पूर्ण ज्येष्ठ नागरिकहरुको आधारभुत स्वास्थ्य सेवा (Universal Health Coverage) प्रदान गर्न घुम्ती विशेषज्ञ स्वास्थ्य शिविर स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।

(ग) घुम्ती सेवा मार्फत नगरपालिका अन्तर्गतका सम्पूर्ण ज्येष्ठ नागरिकहरुलाई विशेषज्ञ चिकित्सकहरु नर्स, पारामेडिक्स, ल्याव टेक्नीसियन, इ.सि.जी., इको भिडियो एक्सरे फिजियोथेरापी, प्रयोगशाला, मनोपरामर्शदाता तथा एम्बुलेन्स सहितको घुम्ति टोलिद्धारा सबै वडाहरु निश्चित स्थान र समयमा घुम्ति स्वास्थ्य सेवा संचालन गरिने छ ।

## परिच्छेद ३

## लक्षित समूह र स्वास्थ्य परीक्षण सेवा प्याकेज

४. लक्षित समूह ः (१) यो कार्यक्रमको लक्षित समूहमा कागेश्वरी मनोहरा नगरपालिका भित्र बसोबास गर्ने ६० वर्ष वा सो भन्दा माथि उमेर समूहका सम्पूर्ण नागरिकहरू हुनेछन् ।

(२) उपदफा (१) मा उल्लेख गरेका बाहेकका व्यक्तिले दफा ५ को उपदफा (१) बमोजिमको सेवा लिन चाहेमा नगरपालिका अस्पतालले निर्धारण गरेको शुल्क तिरी नगर अस्पतालमै गई सेवा लिन सक्नेछन् ।

(३) यो कार्यक्रम वमोजिम सेवा लिएको कुनै पनि कागजात नेपाल सरकारले संचालन गरेको सामाजिक स्वास्थ्य बीमा वा त्यस्तै अन्य स्वास्थ्य परीक्षण गरेको भनी भुक्तानीको लागी अन्यत्र पेश गर्न पाईने छैन ।

(४) यस कार्यक्रमको लागि स्विकृत भएका सवै व्यक्तिहरूको विवरण नगरपालिका, सम्वन्धित सेवा प्रदायक संस्था तथा सवै वडा कार्यालयमा सूचना टाँसी सार्वजनिक गर्नुपर्ने छ ।

५. स्वास्थ्य परीक्षण सेवा प्याकेज ः(१) यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमको स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।

| क्र.सं. | सेवाहरु |
|---|---|
| क. | विशेषज्ञ स्वास्थ्य परिक्षण |
| ख. | निःशुल्क औषधि वितरण सेवा |
| ग. | Random Sugar, Urine |
| घ. | परामर्श तथा मनोपरामर्श सेवा |
| ङ. | फिजीयोथेरापी सेवा |

| | |
|---|---|
| च. | मुटुको भिडियो एक्सरे सेवा (ECHO), ECG |
| छ. | (अल्ट्रासाउण्ड भिडियो एक्सरे तथा अन्य एक्सरे सेवा) |
| ज. | रेफरल सेवा |
| झ. | आवश्यकता अनुसारको अन्य स्वास्थ्य सेवाहरु |
| ञ. | दन्त सेवा, आँखा जाँच र चश्मा वितरण |

(१) उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाहरू यस कार्यक्रमवाट घुम्ती सेवा मार्फत निःशुल्क प्राप्त हुनेछन् ।

## परिच्क्षेद—४

## कार्यक्रम संचालन प्रकृया

६. निर्देशक समिति ः

(१) यो कार्यक्रम संचालन गर्न कागेश्वरी मनोहरा नगरपालिकामा देहाय वमोजिमको एक निर्देशक समिति रहने छ ।

(क) नगर प्रमुख—अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत— सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख— सदस्य

(घ) कार्यक्रमको फोकल पर्सन — सदस्य सचिब

(२) निर्देशक समितिका पदाधिकारी एवं सदस्यले नियमानुसार बैठक भत्ता पाउने छन् ।

(३) निर्देशक समितिले बैठक सम्वन्धि कार्यविधि आफै निर्धारण गर्नेछ ।

७. निर्देशक समितिको काम, कर्तव्य र अधिकार ः निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) कार्यक्रमको नीति, योजना र कार्यक्रम कार्यान्वयन सम्वन्धि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गर्ने, कार्यान्वयनका लागि सवैलाई निर्देशन दिने ।

(ख) कार्यक्रमको अनुगमन तथा आवधिक समिक्षा गरी आवश्यक पृष्ठपोषण ।

(ग) कार्यक्रम कार्यान्वयन गर्दा आईपर्न सक्ने नीतिगत तथा अन्य समस्याहरूलाई समाधान गर्न सहजिकरण गर्ने,

८. जनशक्ति व्यवस्थापन ः यो कार्यक्रम संचालन गर्न स्वीकृत बजेटको परिधी भित्र रही नगरपालिकाले आवश्यकता अनुसार नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरू परिचालन गर्नेछ सो अपुग भएमा प्राविधिक जनशक्ति तथा विशेषज्ञ सेवा प्रवाह गर्नुपर्दा करार लिन सक्ने छ ।

९. नगरपालिकाको काम, कर्तव्य र अधिकार ः कार्यक्रम कार्यान्वयन गर्नका लागि नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) निर्देशक समितिले तयार गरेको नीति, योजना तथा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्ने,

(ख) कार्यक्रमको आवधिक समीक्षा र आवधिक प्रगति प्रतिवेदन तयार गर्ने,

(ग) कार्यक्रमको निरन्तर अनुगमन, आवश्यक सहयोग र कार्यक्रम कार्यान्वयनको सिलसिलामा आएका समस्याहरूको समाधान गर्ने, पृष्ठपोषण दिने,

(घ) यो कार्यक्रमबाट प्राप्त तथ्याङ्कहरूको आधारमा निर्देशक समिति मार्फत कार्यक्रमको भावी योजना बनाउन सहयोग गर्ने,

(ङ) कार्यक्रमलाई प्रभावकारी रूपमा सन्चालन गर्न निर्देशक समितिले समय समयमा दिएको निर्देशन कार्यान्वयन गर्ने,

(च) कार्यक्रमको प्रचार प्रसारका लागि आम संचार माध्यमहरू प्रयोग गरी जनचेतना फैलाउने ।

१०. कार्यक्रम संचालन प्रकृयाः (१) नगरपालिकाका प्रत्येक वडामा कम्तिमा दुई पटक वा आवश्यकता अनुसार कार्यक्रम संचालन गरिनेछ । कागेश्वरी मनोहरा नगर अस्पताल, वडामा रहेका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र वा अन्य उपयुक्त स्थानमा नगरपालिकाले कार्यक्रम संचालन गर्नेछ ।

(२) कार्यक्रमको संचालन विहान ८:०० बजेबाट शुरु गरी वेलुका ५:०० बजे सम्म गरिनेछ ।

(३) कार्यक्रम संचालन गर्दा नगरपालिकामा उपलब्ध भएको जनशक्ति, भौतिक संरचना, औजार, उपकरण प्रयोग गरिने छ । नगरपालिका अन्तर्गत उपलब्ध नभएको विशेषज्ञ जनशक्ति प्रयोग गर्नु परेमा काम गरेको दिनको दैनिक भत्ता उपलव्ध गराउने गरी सेवा लिन सकिनेछ ।

(४) कार्यक्रम अन्तर्गत प्रयोगशाला परीक्षण तथा अन्य जाँच कार्यको लागि लाग्ने खर्च यसै कार्यक्रमवाट व्योहोरिनेछ ।

११. सेवा प्रवाह प्रणाली ः सेवा प्रदायक संस्थाको भौतिक संरचना र कार्यक्रममा संलग्न हुन आउने नागरिकहरूको सुविधालाई ध्यानमा राखी सहज ढंगले सेवा प्रवाह हुनेछ ।

१२. प्रेषण गर्ने ः(१) स्वास्थ्य परीक्षण गर्दा कुनै व्यक्तिमा कडारोग पहिचान भएमा निजलाई मुलपानी नगर अस्पतालमा प्रेषण गर्नुपर्नेछ साथै बिरामीले अन्य अस्पताल जान चाहेमा सहजिकरण गरिनेछ ।

(२) मुलपानी नगर अस्पतालमा समेत उपचार हुन नसक्ने देखिएमा पहिचान भएका बिरामीहरूलाई मुलपानी नगर अस्पतालको सिफारिसमा सम्भव भएसम्म सरकारी, सामुदायिक वा शिक्षण अस्पतालमा प्रेषण गर्नुपर्ने छ र सरकारी, सामुदायीक वा शिक्षण अस्पतालमा सेवा उपलब्ध गराउन सम्भव नहुने अवस्थामा उपयुक्त ठानेको अन्य अस्पताल वा स्वास्थ्य संस्थामा प्रेषण गर्न सक्नेछ । तर यसरी प्रेषण गर्दा राष्ट्रिय मापदण्डको परिधि भित्र रहेर मात्र गरिनेछ ।

१३. सेवा सम्वन्धि सूचनाः नगरपालिका स्वास्थ्य शाखाले उपलव्ध जनशक्ति, भौतिक पूर्वाधार र भौतिक अवस्थालाई मध्यनजर गर्दै सेवा दिने दिन र समय निर्धारण गर्नेछ र सोको सूचना सेवा संचालन हुने सम्बन्धित वडा कार्यालयमा सवैले देख्ने गरी टाँस गरिनेछ र सो को जानकारी आम संचार माध्यम, महिला स्वास्थ्य स्वयंसेविका नगरपालिकाको वेव साईट र स्थानीय जनप्रतिनिधि तथा पदाधिकारीहरू मार्फत गरिनेछ ।

## १४. जनशक्ति व्यवस्थापन ः

(१) यस कार्यविधि वमोजिमको कार्यक्रम संचालन गर्न आवश्यक पर्ने न्यूनतम जनशक्तिहरू देहाय बमोजिम हुनेछन् ।

(क) विशेषज्ञ चिकित्सक— ३ जना
(ख) मेडिकल अधिकृत — २ जना
(ग) डेन्टल चिकित्सक — १ जना
(घ) डेन्टल हाईजिनिष्ट— १ जना
(ङ) नर्सिङ्ग कर्मचारी— ८ जना
(च) पारामेडिक्स— ८ जना
(छ) ल्याब टेक्नोलोजिष्ट — १ जना

(ज) ल्याब टेक्निसियन— १ जना
(झ) फिजियोथेरापिष्ट — १ जना
(ञ) मनोपरामर्शदाता — १ जना
(ट) ECG टेक्निसियन— १ जना
(ठ) एम्बुलेन्स ड्राईभर— २ जना
(ड) कार्यक्रम हुने वडाका सम्पुर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरु
(ढ) कार्यालय सहयोगी — ३ जना
(ण) आवश्यकता अनुसार अन्य जनशक्ति र स्वयंसेवक समेत परिचालन गरिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेक निर्देशक समितिले आवश्यक ठानेमा कुनै पनि जनशक्ति थप गर्न सक्नेछ ।

(३) उपदफा (१) मा उल्लेख भए वमोजिमको जनशक्ति वा उपदफा (२) वमोजिम निर्देशक समितिले थप गरेको जनशक्ति नगरपालिका भित्र उपलब्ध नभएको खण्डमा यसै कार्यक्रमवाट खर्च व्यहोर्ने गरी सेवा करारमा लिई सेवा प्रदान गरिने छ ।

(४) उपदफा (१) वमोजिमको जनशक्ति नगरपालिका अन्तर्गत कार्यरत कर्मचारी मध्येवाट परिचालन गर्नुपर्ने भएमा उक्त कर्मचारीलाई ड्यूटी रोस्टर अनुसार कार्यक्रममा खटाइने छ ।

(५) कार्यक्रममा संलग्न विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत तथा मनोपरामर्शदाताले दफा १५ को उपदफा (५) वमोजिम सुविधा प्राप्त गर्नेछन् । साथै, कार्यक्रमका लागि आवश्यक कर्मचारी,अनुगमन तथा छुट्टै करारमा लिई खटाईएका कर्मचारीहरूले दफा १५ (६) वमोजिमको सेवा सुविधा प्रदान गरिनेछ ।

१५. कार्यक्रमको आर्थिक व्यवस्थापन ः(१) कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्था र खर्च व्यवस्थापन नगरपालिकाको आन्तरिक श्रोतबाट गरिने छ ।

(२) यस स्वास्थ्य कार्यक्रममा खटिने सम्पूर्ण जनप्रतिनिधी ज्युहरु, व्यवस्थापन समितिका पदाधिकारीहरु, कर्मचारी, महिला सामुदायिक स्वयंसेविका तथा अन्य स्वयंसेविहरुलाई खाना तथा खाजाको लागी रु.

५००।— (पाँच हजार मात्र) का दरले प्रति व्यक्ति प्रति दिन व्यवस्था गरिनेछ साथै जेष्ठ नागरीकको खाजा व्यवस्थापनका लागी फलफुल प्रति शिविर कम्तिमा रु. १५,०००।- (पन्ध्र हजार मात्र) कार्यक्रमको विनियोजित बजेटबाट खर्च गरीनेछ ।

(३) कार्यक्रम संचालन गर्न आवश्यक पर्ने औषधी,औजार उपकरण,सामान तथा सामाग्री ढुवानी, रिएजेन्ट तथा केमिकल, उपकरण मर्मत सम्भार, भौतिक सामाग्री, यहि कार्यक्रमको लागि सेवा करार गरिएका जनशक्तिको सेवा सुविधा र कार्यक्रम संचालनका लागि आवश्यक क्षमता अभिवृद्धि सम्बन्धी कार्यको लागि कार्यक्रमको लागि विनियोजित वजेटवाट प्रचलित कानुनको परिधी भित्र रही खर्च गर्न सकिनेछ ।

(४) कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न यस कार्यक्रममा संलग्न हुने नगरपालिका अन्तर्गत कार्यरत चिकित्सक, नर्स, प्रयोगशालाकर्मी, पारामेडीक्स, कार्यालय सहयोगीहरु नियमित कामका अलावा यस कार्यमा खटिनुपर्ने भएकोले यस कार्यक्रमको लागि विनियोजित वजेटवाट खर्च गर्ने गरि नगरपालिकाको आर्थिक नियम अनुसार भत्ता तथा यातायात खर्च रकम उपलव्ध गराईनेछ ।

(५) कार्यक्रममा खटिए वापत विशेषज्ञ चिकित्सकको लागी प्रतिदिन रु ५०००।- (पाँच हजार मात्र) का दरले र चिकित्सक तथा मनोपरामर्शदाताको लागी प्रतिदिन रु ३०००।— (तिन हजार मात्र) का दरले उपलब्ध गराईनेछ, साथै वाह्य चिकित्सकको हकमा यातायात खर्च वाफत रु १०००।- (एक हजार मात्र ) उपलब्ध गराईनेछ ।

(६) कार्यक्रममा खटिए वापत अन्य स्वास्थ्यकर्मी तथा कर्मचारीको लागी प्रतिदिन रु १०००।- (एक हजार मात्र) का दरले उपलब्ध गराईनेछ साथै कार्यक्रम अनुगमन गरे वापत प्रतिदिन रु १०००।- (एक हजार मात्र) को दरले उपलब्ध गराईनेछ । स्वयंसेवक र स्वयंसेविकाले खटिए बापत प्रतिदिन रू। ४००।(चारसय रुपैया मात्र) को दरले यातायात खर्च उपलब्ध गराईनेछ ।

(७) कार्यक्रम संचालन अगावै उक्त कार्यक्रमको लागी तयारी वैठक एंव ओरिन्टेशन कार्यक्रम संचालन गरिनेछ, उक्त ओरिन्टेशनमा प्रति कार्यक्रम ४५ जनाले रू. ४००।- ( चारसय रुपैया मात्र) को दरले खर्च र खाजा वापत रू. २००।— (दुईसय रुपैया मात्र) खर्च गर्न सकिने छ ।

## परिच्छेद ५ —

## अभिलेखिकरण, अनुगमन, मूल्याङकन, सुपरिवेक्षण

१६. अभिलेखिकरण, अनुगमन, मूल्याङकन, सुपरिवेक्षण ः(१) कार्यक्रममा प्राप्त तथ्याङ्कको व्यवस्थापन कम्प्युटर प्रयोग गरि गर्नुपर्नेछ र कार्यक्रमको सम्पुर्ण अभिलेख तथा प्रगती प्रतिवेदन स्वास्थ्य शाखाले नगरपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

(२) नगरपालिकाले तोकेको ढाँचामा राखिएको स्वास्थ्य परीक्षणको विवरणको ढाँचा अनुसार नै तथ्याङ्कको अभिलेख राखिने छ । प्राप्त तथ्याङ्कको विश्लेषण गरि स्वास्थ्य शाखाले नगरपालिकामा आवश्यक पृष्ठ पोषण दिन सक्ने छ ।

(३) अनुगमन, मुल्याङ्कनलाई प्रभावकारी बनाउन मूल्याङकन सूचकहरू तयार गरी नगरपालिकाले निरन्तर अनुगमन, मुल्याङ्कन र सुपरिवेक्षण गर्नेछ साथै कार्यक्रम सम्पन्न गर्न बिरामी पुर्जी, प्रतिवेदन फारम तथा निमन्त्रणा कार्ड क्रमशः अनुसुचि १, २ र ३ वमोजिम हुनेछ ।

(४) नगरपालिकाले कार्यक्रमको प्रभावकारीता वढाउन समय समयमा समिक्षा गोष्ठी सन्चालन गर्ने छ ।

१७. स्थलगत प्रशिक्षण ः कार्यक्रम संचालनको समयमा कुनै समस्या वा प्राविधिक कठिनाई आए नगरपालिकाले सम्वन्धित सेवा प्रदायक संस्थामा गई स्थलगत अनुशिक्षण तथा समस्या समाधान गर्न पहल गर्ने छ ।

१८. समन्वय ः यस कार्यविधि बमोजिमको कार्यमा सहज बनाउन नगरपालिकाले सम्बद्ध निकाय संग आवश्यक समन्वय गर्नेछ ।

१९. प्रतिवेदन पेश गर्ने ः सम्बन्धित सेवा प्रदायक संस्थाले नगरपालिकालाई तोकिएको ढाँचामा अनलाईन मार्फत प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२०. सार्वजनिकिकरण ः नगरपालिकाले यस कार्यक्रमको प्रगति विवरण आफ्नो वेवसाईट र अन्य उपयुक्त संचार माध्यमहरूवाट व्यक्तिगत गोपनियता भंग नहुने गरी कार्यक्रमका गतिविधि र तथ्याङ्कहरु सार्वजनिक गर्नेछ ।

## परिच्छेद ६

## विविध

२१. गोपनियता ः कार्यक्रम मार्फत प्राप्त हुने सेवाग्राहीको व्यक्तिगत र संवेदनशिल सूचनाहरूको गोपनियता प्रचलित कानून बमोजिम सुरक्षित राखिनेछ ।

२२. संशोधन ः नगर कार्यपालिकाले यो कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२३. बाधा, अड्चन फुकाउने ः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा आई परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा फुकाउन सक्नेछ ।

अनुसुची १

बिरामी पुर्जी

मेयर जेष्ठ नागरीक विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम तथा मेयर घरदैलो स्वास्थ्य कार्यक्रम

OUT PATIENT'S RECORD BOOK

| NO | | | | | | | |
|---|---|---|---|---|---|---|---|

**Patient's Details**

Patient's Name : ……………………………………………………..

Address : ……………………………………………………………………..

Phone No : …………. Sex : …… Age:…. Blood Group: ……

Date : ………………….. Allergic to : ……………………………………..

बिरामी पुर्जी

## अनुसुची २

## प्रतिवेदन फारम

### कार्यक्रम सम्पन्न प्रतिवेदन

१ . कार्यक्रमको नाम ः

२.  स्वीकृत बजेट र खर्च शिर्षक नं.ः

३.  कार्यक्रमको संक्षिप्त परिचय तथा उद्देश्य ः

४. कार्यक्रम संचालन प्रकृया ः

५. कार्यक्रम संचालन स्थान र मिति ः

६. कार्यक्रममा संलग्न जनशक्ति ः

७. कार्यक्रमको उपलब्धी ः

८. आर्थिक विवरणः मेयर जेष्ठ नागरीक विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम तथा मेयर घरदैलो स्वास्थ्य कार्यक्रम

| **क्र.सं.** | **विवरण** | **लक्ष्य** | **चरण** | **दर** | **संख्या** | **जम्मा खर्च** | **१५% कर** | **१/कर** | **खुद खर्च** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | |

## अनुसुची ३

## निमन्त्रण कार्ड

कार्यक्रमको नाम ः

कार्यक्रमको संक्षिप्त परिचय ः

कार्यक्रम सम्पन्न हुने मिति तथा स्थान ः

कार्यक्रममा संलग्न गरिएका सेवाहरु ः

नोट ः कम्तिमा ६ महिनाको फरकमा आफ्नो स्वास्थ्य परिक्षण नियमित गर्ने गरौ ।

## खण्ड "ख"

# घर घरमा स्वास्थ्य सेवा (नगरपालिका)

**परिचय**

प्रत्येक नागरीकहरुको घर घरमा आधारित स्वास्थ्य सेवा, सुत्केरी, अपाङ्ग, नेत्रहिन, असहाय भन्नाले असक्त तथा ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य समस्या जानकारी प्राप्त भए पश्चात निजहरुको प्रत्यक्ष उपस्थित भई दक्ष स्वास्थ्यकर्मी तथा चिकित्सकहरु द्वारा नगरपालिकाले प्रदान गर्ने स्वास्थ्य सेवा हो। यो सेवा सम्बन्धित नगरपालिका भित्र बसोबास गर्ने अशक्त नागरिकहरुले जुनसुकै बेला लिन सक्ने सेवा हो।

कार्यक्रमको उद्धेश्यः

यस कार्यक्रमको उद्धेश्य ६० बर्ष भन्दा माथी उमेर समूहका ज्येष्ठ नागरिकलाई हुनसक्ने शारीरिक, मानसिक एवम सामाजिक समस्याहरुको समाधान गर्नु हो। वृद्ध अवस्थामा शारीरिक दुर्बलताको कारण विभिन्न रोगहरु लाग्ने गर्दछ, जसलाई समयमै उपचार गर्न सके निको हुन्छ।ज्येष्ठ नागरिक हाम्रा बौद्धिक सम्पत्ति, अनुभवका खानी हुन्। अनुभवले नै नयाँ काम गर्न आधारको काम गर्दछ। त्यसैले ज्येष्ठ नागरिकको संरक्षण गर्नु हामि सबैको कर्तव्य हो।उनीहरुलाई दिर्घरोग लाग्न बाट बचाउन र लागी हालेमा बेलैमा उपचार प्रदान गर्न सकियो भने व्यक्तिको औसत आयू बढाउन समेत मद्दत पुग्दछ। पारिवारिक असहयोग/बेवास्ता, कमजोर आर्थिक अवस्था, स्वास्थ्य संस्था सम्म जान नसक्ने विभिन्न अवस्था आदीको कारण उपचारको पहुँच नपुगेका ज्येष्ठ नागरिकहरुलाई सेवाको दायरामा ल्याई स्वस्थ समाज निर्माण गर्नु यस कार्यक्रमको मुख्य उद्धेश्य हो।

**कार्यक्रम संचालन गर्ने प्रक्रियाः**

१. कागेश्वरी मनोहरा नगरपालिका भित्र बसोबास गर्ने जेष्ठ नागरिक, अपाङ्ग, असहाय जस्ता लक्षित समूह केन्द्रित गरि संचालन गर्ने यस कार्यक्रममा आवश्यकता अनुसार विशेषज्ञ डाक्टर सहितको स्वास्थ्यकर्मीको टोलि घर घरमा गई स्वास्थ्य सेवा दिने र सो सेवा नागरिकलाई सहज रुपमा प्रदान गर्न नगरपालिका स्वास्थ्य शाखाले आवश्यक प्रक्रिया मिलाई समन्वय गर्नेछ ।

२. यस कार्यक्रम संचालनको लागि छुट्याइएको वजेट स्वास्थ्य शाखाले आवश्यक सामाग्री तथा कर्मचारी व्यवस्थापन गर्न कार्ययोजना बनाई आवश्यकता अनुसार खर्च गर्न सक्नेछ ।

३. चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको सेवा सुविधाको लागि सेवा संचालन गर्न गरिएको संझौता बमोजिम हुनेछ ।

४. यस कार्यक्रम संचालन गर्नको लागि तथ्यांक संकलन गर्नुपर्ने हुँदा उक्त तथ्यांक संकलन गर्न जाने कर्मचारी/ स्वयंसेवक/ स्वयंसेविका / जनप्रतिनिधिहरुको लागि व्याग र विनचिटरको व्यवस्था गरिनेछ ।

५. कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले कार्यक्रमको सम्पूर्ण रिपोर्टको विवरण अध्यावधिक गर्नुपर्नेछ ।

६. स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था संचालन तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न गर्ने ।

७. जेष्ठ नागरिकको सम्पूर्ण स्वास्थ्य सम्बन्धि तथ्यांक संकलन (अनुसूचि १) अनुसार गर्ने ।

## अनुसूचि-१

| क्र.सं. | जेष्ठ नागरिकको नामथर | उमेर/लिङ्ग | मुख्य स्वास्थ्य समस्या | दिर्घरोग | दिर्घरोगको लागि प्रयोग गरिएको औषधी | खानपान तथा बानी व्योहोरा सम्बन्धी विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

आज्ञाले
पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकावाट स्वीकृत मितिः २०८०।९।४
प्रमाणिकरण मितिः २०८०।९।४